**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०७ अक्तूबर २०२३

समयः १८:५० - १९:०० बजे

## प्रमुख समाचार

१. **प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो कार्यकालको २३ वर्ष पूरा गर्नुभएको छ । उहाँले शासनमा जनताको सहभागिता माथी जोड दिनुभएको छ स**

२. प्रधानमन्त्री नरेन्द्र मोदीले माल्दिभ्सको लागी भारतले सदैव प्रथम उत्तरदाताको भूमिका निर्वाह गर्दै आएको बताउनु भएको छ ।

३. **केन्द्रीय कृषिमन्त्री शिवराजसिंह चौहानले कृषि संस्कृतिमा सुधार ल्याउन सरकार लागिपरेको बताउनु भएको छ ।**

४. गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सभाका सभासद अजय एडवार्डले बन्द चिया बगानहरुका श्रमिकहरूलाई फौलाईको रकम प्रदान गर्ने मांग गर्नुहुदै पश्चिम बंगालका श्रम आयुक्त जाबेद अक्खतरलाई पत्रचार गर्नुभएको छ।

५. मिरिकमा आज क्यानभास अनि वुडल्यान्ड्स अकादमीको संयुक आयोजनामा 'एक जीवन्त कला' प्रतियोगिता आयोजना गरियो।

## प्रधानमंत्री नरेंद्र मोदी -कार्यकालको 23 वर्ष

प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो कार्यकालको २३ वर्ष पूरा गर्नुभएको छ । बर्ष २००१ मा आजकै दिन श्री मोदी पहिलो पटक गुजरातको मुख्यमन्त्री बन्नुभएको थियो । केन्द्रको राष्ट्रिय जनतांत्रिक गठबन्धन सरकारले शुरु गरेका धेरै कल्याणकारी कार्यक्रमहरू गुजरातको मुख्यमन्त्रीको रूपमा नरेन्द्र मोदीको पहलबाट प्रेरित भएका छन्। 'गुजरात मोडेल' भनिने यी उपायहरू जल संरक्षण, वृक्षारोपण अभियान, संविधानको उत्सव, स्वदेशी उत्पादनहरूलाई बढावा दिने र खेल संस्कृतिलाई प्रोत्साहित गर्ने सँग सम्बन्धित छन्। श्री मोदीले शासनमा जनताको सहभागितामा जोड दिनुभएको छ। प्रधानमन्त्रीको बहुचर्चित जल जीवन मिशन २००४ उत्तर गुजरातको पानीको अभाव भएका क्षेत्रहरूका लागि शुरु गरिएको सुजलाम सुफलाम जल अभियानको अनुभवबाट प्रेरित छ।

****** ० ******

## प्रधानमन्त्री -माल्दिब्स

प्रधानमन्त्री नरेन्द्र मोदीले माल्दिभ्सको लागी भारतले सदैव प्रथम उत्तरदाताको भूमिका निर्वाह गर्दै आएको बताउनु भएको छ । माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुसँग नयाँ दिल्लीमा प्रतिनिधिमण्डलस्तरीय वार्तापछि प्रधानमन्त्री श्री मोदीले संयुक्त प्रेस वक्तव्य जारी गर्नुहुदै भारतले सधैँ छिमेकीको रुपमा आफ्नो जिम्मेवारी पूरा गरेको उल्लेख गर्नुभएको छ । उहाले माल्दिभ्सका जनताका लागि अत्यावश्यक वस्तुको आवश्यकता पूरा गर्ने, प्राकृतिक आपदाको समय पिउने पानी उपलब्ध गराउने वा कोभिड–१९ को समयमा माल्दिभ्सलाई भेक्सिन उपलब्ध गराउन भारतले सदैव छिमेकीको भूमिका निर्वाह गर्दै आएको बताउनु भएको छ।प्रधानमन्त्री श्री मोदीले माल्दिभ्सका राष्ट्रपति डा. मुइज्जुसँग माल्दिभ्सको हनीमाधु अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको भर्चुअल उद्घाटन गर्नुभएको छ । दुई देशबीच विभिन्न सम्झौता पत्रमा हस्ताक्षर भएको छ। मॉलदीवमा रूपे कार्ड भुगतानको पनि शुभारंभ गरिएको छ।

****** ० ******

## केंद्रीय गृह मंत्री अमित शाह -नक्सलवाद

केन्द्रीय गृहमन्त्री अमित शाहले नक्सलवाद विकासको मार्गमा सबैभन्दा ठूलो बाधक भएको र यसले कसैलाई पनि सहयोग नगर्ने बताउनु भएको छ । उहाले भन्नुभएको छ -केन्द्र र राज्यबीचको राम्रो समन्वयका कारण नक्सलवादलाई देशबाट पूर्णरूपमा

समाप्त  गर्ने पहल शुरु भई सकेको छ  । श्री शाहले आज नयाँ दिल्लीमा वामपन्थी उग्रवाद (एल.डब्ल्यू.ई.) प्रभावित राज्यहरूका मुख्यमन्त्रीहरूसँग समीक्षा बैठकको अध्यक्षता गर्नुहुदै नक्सलवादसँग जोडिएका सबै युवाहरुलाई हतियार त्यागेर मूलधारमा आउन अपिल गर्नुभएको छ  । बैठकमा आन्ध्र प्रदेश, बिहार, छत्तीसगढ, झारखण्ड, तेलङ्गना, उडिसा, महाराष्ट्र र मध्यप्रदेशका मुख्यमन्त्रीहरु लगायत  उपराष्ट्रिय सुरक्षा सल्लाहकार तथा केन्द्रीय, राज्य र केन्द्रीय सशस्त्र पुलिस  बल (सीएपीएफ) का वरिष्ठ अधिकारीहरू बिचार विमर्शमा उपस्थित  थिए।

****** ० ******

**केन्द्रीय कृषिमन्त्री**

केन्द्रीय कृषिमन्त्री शिवराजसिंह चौहानले कृषि संस्कृतिमा सुधार ल्याउन सरकार लागिपरेको बताउनु भएको छ । आज नयाँ दिल्लीमा किसान र किसान युनियनहरूसँगको बैठकपछि यस आशयको जानकारी दिनुभएको हो । कृषि विकास योजना र फसल बीमा योजना जस्ता किसानहरूको लागी सरकारले धैरै निर्णयहरू लिएको मंत्री शिवराज सिहले बताउनुभएको छ ।

****** ० ******

**केन्द्रीय स्वास्थ्यमन्त्री-स्वस्थ्य सेवा**

केन्द्रीय स्वास्थ्यमन्त्री जगतप्रकाश नड्डाले 'भारतको स्वास्थ्य प्रणालीले प्राथमिक स्वास्थ्य सेवा र अत्यावश्यक सेवालाई सुदृढीकरणमा जोड दिइएको  बताउनु भएको छ । उहाले **सार्वभौमिक स्वास्थ्य कवरेज-यूएचसी** (यू.एच.सी) हासिल गर्न 'सम्पूर्ण सरकार' र 'सम्पूर्ण समाज' दृष्टिकोणलाई अपनाएको  बताउनुभएको छ । विश्व स्वास्थ्य संगठनको दक्षिणपूर्व एशिया क्षेत्रको ७७ औं सत्रलाई सम्बोधन गर्नुहुदै श्री नडडाले  सरकारको आयुष्मान भारत–प्रधानमन्त्री जन आरोग्य योजनाले १२ करोड भन्दा अधिक परिवारलाई समेटिएको  र प्रति परिवारलाई  अस्पताल भर्ना सुविधाको लागी  ६ हजार  डलरको वार्षिक लाभ  प्रदान गरिएको बताउनु भएको छ। श्री नड्डाले भान्नुभएको छ - भारतले विश्व स्वास्थ्य संगठनलाई  वैश्विक पारंपरिक चिकित्सा केंद्र को निर्माण गर्न को लागी समर्थन गरेको छ, जसको उद्देश्य यी प्रणालीहरु लाई वैश्विक स्तर मा बढावा दिनु रहेको छ। विश्व स्वास्थ्य संगठनको दक्षिण पूर्वी एसिया क्षेत्रीय समितिको ७७ औं अधिवेशनको अध्यक्षमा पनि श्री  नड्डा चुनिनु भएको छ ।

****** ० ******

**नोबल पुरस्कार**

वैज्ञानिक भिक्टर एम्ब्रोस र ग्यारी रुभकुनलाई माइक्रोआर.एन.ए. पत्ता लगाएको र ट्रान्सक्रिप्शनल जीन नियमनमा यसको भूमिकाका लागि बर्ष-२०२४ का लागि फिजियोलोजी वा मेडिसिन तर्फ नोबेल पुरस्कार को लागी चयन गरिएको छ  । माइक्रोआर.एन.ए. एक मौलिक सिद्धान्त हो जसले जीन गतिविधिलाई कसरी नियमन गर्दछ। स्वीडेनको स्टकहोमस्थित अनुसन्धानमूलक मेडिकल युनिभर्सिटी कारोलिन्स्का इन्स्टिच्युटको नोबेल एसेम्बलीले उक्त निर्णयको घोषणा गर्दै यी दुई वैज्ञानिकले गरेको खोज जीवको विकास र कार्य कसरी हुन्छ भन्ने बुझ्नका लागि आधारभूत रुपमा महत्वपूर्ण साबित भएको जनाएको छ। विजेताले ११ लाख अमेरिकी डलर राशी प्राप्त गर्नेछन्। बर्ष  २०२४ को भौतिकशास्त्र तर्फको नोबेल पुरस्कारको घोषणा भोलि हुनेछ भने रसायनशास्त्रतर्फको नोबेल पुरस्कार बुधबार घोषणा गरिने भएको छ।

****** ० ******

**पश्चिम बंगाल- विस्फोट**

पश्चिम बंगालको बीरभूम जिल्लाको  खयाराशोल ब्लक अन्तर्गत लोकपुर थाना क्षेत्रको भादुलिया गाउँमा अवस्थित एक कोइला खानीमा विस्फोट हुदा  सात जना श्रमिकहरूको मृत्यु भएको छ भने  तीन जना  श्रमिक गम्भीर रूपमा घाइते भएका छन्। यस घटनामा आज  बिहान  भएको बताइएको छ । प्रारम्भिक जाँचमा कोइला निकाल्ने क्रममा विस्फोटकको लापरवाहीपूर्ण प्रयोगबाट यो घटना घटेको हुनसक्ने आशंका व्यक्त गरिएको छ।

****** ० ******

**नियुक्ति भ्रष्टाचार मामिला -  पार्थ चटर्जी**

नियुक्ति भ्रस्टाचार मामिलामा पश्चिम बङ्गालका पूर्व शिक्षामन्त्री पार्थ चटर्जीको जमानत याचिका माथी कलकत्ता उच्च न्यायालयले सुनवाई पुरा गरेको  छ। तर, न्यायालयले तत्कालका लागि फैसला सुरक्षित राखेको छ। आज  उच्च न्यायालयका न्यायाधीश अरिजित बनर्जी र न्यायाधीश अपूर्वसिंह रायको खण्डपीठले उक्त मुद्दाको सुनुवाइ गरेका थिए  । न्यायालयले सुनुवाइ

समाप्त भएको बताएको छ, तर निर्णयको घोषणा तत्कालका लागि स्थगित गरिएको छ। यस मुद्दामा दुर्गा पूजापछि मात्र फैसला सुनाइने अनुमान गरिएको छ।

****** ० ******

**जीटिए -अजय एडवार्ड -पत्राचार**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सभाका सभासद अजय एडवार्डले बन्द चिया बगानहरुका श्रमिकहरूलाई फौलाईको रकम प्रदान गर्ने मांग गर्नुहुदै पश्चिम बंगाल राज्यका श्रम आयुक्त जाबेद अक्खतरलाई पत्रचार गर्नुभएको छ।श्री एडवार्डले भन्नु भएको छ - जीटीए क्षेत्रका बन्द चिया बगानहरूका श्रमिकहरूको अवस्था अत्यन्त सोचनीय रहेको छ।

****** ० ******

**मिरिक – चित्रकला प्रतियोगिता**

मिरिकमा आज क्यानभास अनि वुडल्यान्ड्स अकादमी मिरिकको संयुक आयोजनामा एक जीवन्त कला प्रतियोगिता आयोजना गरियो प्रतियोगितामा मिरिक महकुमा भरिका २० वटा विद्यालयका बिधार्थीहरूले भाग लिएका थिए। एल.के.जी.देखि कक्षा १२ सम्मका विद्यार्थीहरूको लागि कलात्मक प्रतिभालाई बढावा दिन, एकाग्रता र रचनात्मकता बढाउन र विद्यार्थीहरूलाई उनीहरूको कौशलहरू प्रदर्शन गर्न मंच प्रदान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको क्यानभासका प्रमुख दावा तामाङले बताउनुभएको छ। यस कार्यकम अन्तर्गत क्यारिकेचर र पोर्ट्रेट रेखाचित्र लगायतका वरिष्ठ श्रेणीका प्रतियोगिताहरू सहित विभिन्न उमेर समूहहरूलाई पूरा गर्न विभिन्न श्रेणीहरू सजाइएको थियो। वुडल्यान्ड्स एकेडेमीका प्रिन्सिपल चिराधिनी राईले "यस कार्यक्रम आयोजना गर्नुको मुख्य उद्देश्य विद्यार्थीहरूलाई विभिन्न गतिविधिहरूमा केन्द्रित गर्नु रहेको बताउनुभएको छ।

****** ० ******

**एघार जनजाति -समर्थन**

सिलिगुडीमा हिज सिक्किमका मुख्यमन्त्री पी एस गोले अनि दार्जीलिङका सांसद राजु विष्टले ११ जात गोष्ठी विषय लिएर गरिएको बैठक विषयमा आज गोर्खा राष्ट्रिय कंग्रेसका अध्यक्ष भरत डोङले एक प्रेस वार्तामा हिज उठान गरिएको विषयलाई समर्थन गर्नुभएको छ। उहाँले सिक्किम सरकार र दार्जीलिङ मिलेर ११ जातगोष्ठीमाथि काम गरिनु नै दार्जीलिङको लागि महत्वपूर्ण बिषय भएको बताउनु भएको छ।

****** ० ******

**भाजपा -आभार**

छुटेका ११ जात गोष्ठीलाई जनजातिको मान्यता दिलाउने मुहिमलाई बल प्रदान गर्न गर्नुभएकोमा सिक्किमका मुख्यमन्त्री प्रेम सिह तामांग प्रति भारतीय जनता पार्टीको दार्जीलिङ जिल्ला समितिले आभार व्यक्त गरेको छ। भाजपा जिल्ला अध्यक्ष कल्याण देवानले यो पहलले सकारात्मक परिणाम प्राप्त हुने तथा यस पहलमा दार्जीलिङका सांसद राजु विष्ट पनि लागि परेको बताउनुभएको छ।

****** ० ******

**गोजमुमो -स्थापना दिवस**

गोर्खा जनमुक्ति मोर्चाले आज दार्जीलिङको गोर्खा दुःख निवारक सम्मेलन भवनमा पार्टीको १७ औ स्थापना दिवस पालन गरेको रिपोर्ट प्राप्त भएको छ। पार्टीका अध्यक्ष बिमल गुरुङको विशेष उपस्थितिमा सम्पन्न स्थापन दिवस समारोहमा केन्द्रिय समिति सदस्यहरू लगायत उपस्थित थिए। यस अवसरमा गोजमुमो अध्यक्ष बिमल गुरुङले जाति हित अनि अधिकारको निम्ति गोजमुमो पार्टीले निरन्तर रूपमा कार्य गरिरहेको बताउनुभएको छ।

****** ० ******

**बिजनबारी -सडक सफाई अभियान**

बिजनबारीदेखि दार्जीलिङ जाने मूल सडकको अवस्था अहिले अत्यन्त सोचनीय बनेको छ। पुल-बिजनबारी क्षेत्र लगायत कमान, बस्तीका वासिन्दाहरुको जीवन रेखाको रुपमा मानिएको यस सडक मार्गलाई सुचारु गर्नको लागी हाम्रो पार्टीका सदस्यहरुले पाच किलोमिटर बाटो सफाई अभियान कार्यक्रम सम्पन्न गरेको रिपोर्ट प्राप्त भएको छ। बर्तमान समेमा सडकको अवस्था लगातार परिरहेको मुसलधारे वर्षाले जताततै भत्किएको छ। लोवर चुङथुङ अन्तर्गत नाली डाँडा नजीक सडकको मुनिल्लो भाग पैह्रोले

तानेर गाड़ी कुदाउन नसक्ने भएको छ। घरिघरि वर्षाको कारण सडकहरू भत्किएर यात्री हरु लाई असुविधा भएको कारण आफुहरुले सडकको साफ सफाई गरेको हाम्रो पार्टीका संयोजक महेन्द्र राईले बताउनु भएको छ l

****** ० ******